**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST:18:40 hrs. Date: 15.11.2025

परी प्राशनको पाँचौं स्थापना दिवसमा बोल्दै मुख्यमन्त्री प्रेमसिंह तामाङले साहित्यिक तथा काव्यात्मक रचनात्मकतामा आफ्नो दिर्घकालीन रुचिबारे बताउनुभयो। मनन् केन्द्रमा आयोजित समारोहका मुख्य अतिथि श्री तामाङले आफू लेखक अथवा कवि नभए पनि साहित्यमा रहेको रुचिले आफूलाई लेखक र कविहरूको काम जनतामाझ ल्याउनमा सहयोग पुऱ्याउन प्रेरित गर्ने कुरा बताउनुभयो।
उहाँले राज्यभरिका स्थापित र उदीयमान लेखकहरूलाई प्रोत्साहन र प्रेरित गरिरहने आश्वासन दिनुभयो।
परी प्रकाशनको यात्राको सम्झना गर्दै मुख्यमन्त्रीले भन्नुभयो, २०१९-मा स्थापित संस्थाको प्राथमिक उद्देश्य ती उपेक्षित लेखक र कविहरूलाई समर्थन गर्नु हो, जसले आफ्नो काम प्रकाशित गर्नमा कठिनाइको सामना गर्नुपर्छ।

----------------------------------------X----------------------------------------

अरूणाचलका मुख्यमन्त्री पेमा खाण्डुले आज विहान मुख्यमन्त्री प्रेमसिंह तामाङसित उहाँको सरकारी निवास मिन्तोकगाङमा भेट गर्नुभयो। श्री खान्डुले सिक्किमका मुख्यमन्त्रीको हालै स्वास्थ्यमा आएको समस्यापछि भेट गर्नुभएको हो, जसका निम्ति श्री तामाङले उहाँप्रति कृतज्ञता व्यक्त गर्नुभयो।
उत्तरपूर्वी क्षेत्रका निम्ति आयोजित तेह्रौं अन्तरराष्ट्रिय पर्यटन मेलामा उपस्थिति जनाउन आउनुभएका अरूणाचलका मुख्यमन्त्री, श्री तामाङको स्वास्थ्यबारे जानकारी लिन मिन्तोकगाङ पुग्नुभएको हो।
भेट अवधि श्री खाण्डुले चालू अन्तरराष्ट्रिय पर्यटन मेलाबारे आफ्नो विचार साझा गर्नुभयो अनि भन्नुभयो, उत्तरपूर्वमा पर्यटनको प्रवद्धन गर्नका निम्ति यो महत्त्वपूर्ण कार्यक्रम हो।
भेट अवधि दुई नेताबीच सम्बन्धित राज्य र उत्तरपूर्वी क्षेत्रका विकासबारे चर्चा भयो। यसअवधि क्षेत्रीय विकासका लागि साझा दृष्टिकोणमाथि कुराकानी भयो, जहाँ दुवै नेताले प्रगतिलाई अघि बढ़ाउन र सबैको उज्ज्वल भविष्य सुनिश्चित गर्न केन्द्रसितको सहकार्यको महत्त्वमाथि जोड दिनुभयो।

----------------------------------------X----------------------------------------

तेह्रौं अन्तरराष्ट्रिय पर्यटन मेलाको दोस्रो दिन आज राज्यहरूको प्रस्तुतिकरण सत्र गान्तोक नजिक पाङथाङस्थित सिक्किम आर्म्ड पुलिसको खेल मैदानमा सम्पन्न भयो।
कार्यक्रममा उपस्थित सिक्किमसहित अरूणाचल प्रदेश, त्रिपूरा, नागाल्याण्ड, मनिपुर, मेघालय, असम र मिजोरमका प्रतिनिधिहरूले आफ्ना पर्यटन उत्पाद, आकर्षण र अनुभव साझा गरे।
यस अवसरमा भारतको साहसिक टुर सञ्चालन संगठनका अध्यक्ष अजित बजाजले गियर अप! द नर्थ इस्ट एडभेन्चर बीट, नामक प्रदर्शनी प्रस्तुत गर्नुभयो। यसमा उहाँले पूर्वोत्तर क्षेत्रको साहसिक पर्यटन सम्भावनामाथि प्रकाश पार्नुभयो, जसमा trekking र river rafting जस्ता बाहिरी गतिविधिहरू अनि सुरक्षा र पूर्वाधारद्वारा समर्थित नयाँ साहसिक मार्गहरू समावेश छन्।

----------------------------------------X----------------------------------------

पर्यटन विभागका अतिरिक्त मुख्य सचिव CS रावले भन्नुभयो, केन्द्र सरकारको युद्ध क्षेत्र पर्यटन कार्यक्रमअन्तर्गत डोकलाम र छो ला यस वर्षको पन्द्र दिसम्बरबाट पर्यटकका लागि खोलिनेछ। यसअघि यी दुई रणनीतिक स्थलहरू सत्ताइस सितम्बरदेखि खोलिने भनिएको थियो, तर पछि राज्य सरकारले नयाँ समय सीमा तय गरेको छ। गान्तोकमा पत्रकारहरूसितको कुराकानीमा श्री रावले यो कुरा भन्नुभएको हो।

----------------------------------------X----------------------------------------

देशसितै राज्यका विभिन्न जिल्लामा आज भगवान बिरसा मुण्डा तथा भारतको स्वतन्त्रता संग्राममा महत्त्वपूर्ण भूमिका निभाउँदै महान बलिदान दिने जनजाति वीरहरूको सम्मानमा जनजातीय गौरव दिवस पालन गरियो। यो वर्ष भगवान बिरसा मुन्डाको एक सय पचासौं जन्मजयन्ती पनि हो, जसलाई देशभरि विभिन्न कार्यक्रमका साथ पालन गरिँदैछ।

सामाजिक कल्याण विभागले आयोजना गरेको कार्यक्रमअन्तर्गत आसाम लिङ्जेस्थित जनजातीय अनुसन्धान संस्थान तथा प्रशिक्षण केन्द्रमा सम्पन्न समारोहमा जल संसाधन, जनस्वास्थ्य अभियान्त्रिकी तथा धर्म विभाग मन्त्री सोनाम लामा प्रमुख अतिथि हुनुहुन्थ्यो।

आफ्नो सम्बोधनमा श्री लामाले भन्नुभयो, ऐतिहासिक रूपमा महत्त्वपूर्ण यो अवसरलाई पालन गर्न सारा देश एकजुट भएको छ। उल्लेखनीय विरासत र जनजातीय आन्दोलनमा बिरसा मुण्डाको महत्त्वपूर्ण भूमिकाको सम्मानमा उनलाई धरती अब्बाको नामले पनि जानिन्छ। उहाँले भन्नुभयो, जनजातीय समुदाय सद्भाव, स्थिरता, प्रकृति र सांस्कृतिक संरक्षणका साँचो वास्तुकार हुन्।

यस अवसरमा सिक्किम तामाङ बौद्ध संगठनअन्तर्गत तामाङ भाषा विकास समितिद्वारा प्रकाशित तामाङ शब्दकोश र डाक्टर साङ्गे डिकि भोटियाद्वारा लिखित सिक्किमको जनजातीय सम्पदा सम्बन्धी अनुसन्धान दस्तावेजीकरणको विमोचन गरियो। परम्परागत ज्ञानलाई आधुनिक विकाससित जोड्दै भोटिया संस्कृति, भाषा र सम्पदाको प्रवर्द्धन गर्ने लक्ष्यका साथ कार्यक्रममा भोटिया जनजातीका निम्ति वेबसाइट र एप अनि E-अध्ययन सामग्रीको विकास अनि भोटिया लिपिको कम्प्यूटरीकरणका लागि भोटिया भाषा लिपिको विकासको पनि शुभारम्भ गरियो।

यता मंगनमा सम्पन्न समारोहमा उपस्थित जिल्लाधीश अनन्त जैनले आजको कार्यक्रमबारे जानकारी दिँदै भारतका प्रमुख आदिवासी स्वतन्त्रता सेनानीहरू मध्ये एक बिरसा मुण्डाको विरासतबारे बताउनुभयो।

---------------------------------------X---------------------------------------

राष्ट्रिय लोकोमोटर दिव्याङ्गजन संस्थान, कलकत्ताको प्रशासनिक नियन्त्रणमा रहेको सिक्किम दिव्याङ्गजन कौशल विकास, पुनर्वास तथा सशक्तिकरणका लागि समग्र क्षेत्रीय केन्द्रद्वारा आयोजित सप्ताहव्यापी मुल्याङ्कन तथा वितरण शिविरको आज शुभारम्भ भयो। प्रधानमन्त्री दिव्य सक्षम केन्द्र, गान्तोकसितको सहकार्यमा भइरहेको यो कार्यक्रम नाम्चीस्थित कामराङ महाविद्यालयमा चलिरहेछ। सिक्किम राज्य सहकारी संघ र सहकारिता विभाग, नाम्ची जिल्लासितको समन्वयमा आयोजित शिविरबाट पाँच सयभन्दा अधिक मानिसहरू लाभान्वित हुने लक्ष्य राखिएको छ। यस अवसरमा जिल्लाका दिव्याङ्गजन र वरिष्ठ नागरिकलाई अन्ठाउन लाखको आवश्यक उपकरण वितरण गरिनेछ।

---------------------------------------X---------------------------------------